

# ९ येशूतर्फ मानिसहरुको मन जित्ने वातावरणको सृजना

***यस अध्यायका मूल पदहरू:*** यूहन्ना ४:२७-३०,३९-४२, मत्ती १५:२१-२८, २ थेस्सोलिनिकी १:१-४, रोमी १५:७, एफिसी ४:३२ र १ पत्रुस ३:१५।

***यस अध्यायको मूल सार पद:*** **"तर तिम्रो प्रभु परमेश्‍वरलाई मानेर तिम्रो हृदयलाई  पवित्र वा चोखो राख। तिमीहरूमा भएका आशाको विषयमा कसैले सोधपूछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धासाथ गर।" (१ पत्रुस ३:१५ रूपान्तरित)।**

हामी येशूको जीवनी जति पढ्छौं त्यति उहाँले मानिसहरूलाई जस्ताको त्यस्तै ग्रहण गर्नुभएको र सकारात्मक प्रभाव पारेर मानिसहरूको मन जित्नुभएको उहाँको खुबीदेखेर हामी अचम्ममा पर्नेछौं। धर्मको खोल ओढेर मानिसलाई भन्दा धर्म वा धार्मिक परम्परालाई प्राथमिकता दिने धार्मिक गुरु र पण्डित तथा अगुवाहरूको उहाँले घोर भ्रत्सना गर्नुभएको थियो। तर पापसँग संघर्ष गरिरहेका, आफूले गरेका अपराध तथा हिनताबोधले आफैलाई अपराधी ठानेर विरहमा जलेका, समाज, धर्म र परिवारले अव यो खतम भयो भन्दै दोषी ठहऱ्याइएका मानिसहरूलाई उहाँको अनुग्रह र करुणाले छोपेको थियो। अति नै अघोरी पापीहरूप्रति पनि उहाँको क्षमाशीलता, दया र करुणाले छोएको थियो। उहाँको सदाशयता र क्षमाशीलता यति गहिरो थियो कि तिनीहरूको पापभन्दा पनि त्यो गहिरो थियो। उहाँको प्रेमको कुनै सीमा नै थिएन।

येशूले कहिल्यै पनि आफ्नो भाऊ खोज्नुभएन। उहाँले अलिकति पनि घमण्ड गर्नुभएन न त आफूलाई अरूभन्दा ठूलो वा उच्च नै ठान्नुभयो। हरेक मानिस परमेश्‍वरको स्वरुपमा सृष्टि भएको उहाँले देख्नुभएको थियो। पापले गर्दा पतित भइरहेका मानिसहरूलाई बचाउने आफ्नो लक्ष्यबाट उहाँ कहिल्यै

पनि बिचलित हुनुभएन। कुनैपनि मानिस उहाँको प्रेमको पहुँचभन्दा बाहिर थिएन। जतिसुकै तल खसेका मानिसहरूलाई पनि उहाँको अनुग्रहले माथि उठाउदथ्यो। उहाँको सम्पर्कमा आएका जोसुकै मानिसलाई पनि उहाँले आदर नै गर्नुभएको थियो। तिनीहरूको योग्यता अनुसार तिनलाई कदर नै गर्नुभएको थियो। उहाँले परमेश्वरको राज्यको निम्ति प्रभाव पारि नै रहनुभयो किनकि उहाँलाई मानिसहरूप्रति विश्वास थियो। उहाँको उपस्थितिमा तिनीहरूको जीवन परिवर्तन भएको थियो। किनकि तिनीहरूप्रति उहाँले गहिरो चासो राख्नुभएको थियो। समाजबाट तिरस्कृत भएका, अलगिएका वा किनारा लगाएका र हिनताबोधले ग्रस्त भएका मानिसहरू जब उहाँको सम्पर्कमा आए तब तिनीहरू माथि उठे र उहाँले चाहनुभएको स्थानहरूमा तिनीहरू स्थापित भएका थिए। तिनीहरू सुध्रन वा माथी उठ्न सक्छन् भन्ने विश्वास येशूमा थियो।

मानिसहरूप्रति येशूको मनस्थिति र चासो कति गहिरो थियो भन्ने कुरा यस अध्यायमा हामी केलाउने छौं र मानिसहरूप्रतिको उहाँको नीतिहरूलाई हाम्रो जीवनमा कसरी प्रयोग गर्ने भनेर पनि यस अध्यायमा हामी सिक्नेछौं।

## १. सुसमाचारप्रति आकर्षित वा प्रेरित गराउनु

**देहायका पदहरूले येशू र यहूदी तथा पानी नचल्ने सामरी जाति साथै चरित्रहिन महिलासँग उहाँको अन्तक्रियाले सुसमाचार सबै खालका मानिसहरूको निम्ति खुल्ला छ भन्ने सत्यलाई उघारेको छ। मानिसहरूले अपेक्षा नगरेका ठाउँ र व्यक्तिले उहाँको सुसमाचारलाई खुला दिलले स्वीकार गरेका थिए भन्ने ज्वलन्त उदाहरण ती पदहरूमा दिएको छ ।हेर्नुहोस्, "४ उहाँलाई सामरिया भएर जानुपर्थ्यो। ५ र उहाँ सामरियाको सुखार भनिने नगरमा आइपुग्नुभयो। यो नगरचाहिँ याकूबले आफ्ना छोरा योसेफलाई दिएका जमिनको नजिकै पर्थ्यो। ६ त्यहाँ याकूबको इनार थियो। येशू यात्राले थाक्नुभएको हुनाले त्यस इनारको छेउमा बसिरहनुभएको थियो। प्रायः मध्यान्ह भएको थियो। ७ एउटी सामरी स्त्री पानी भर्न त्यहाँ आई। येशूले त्यसलाई भन्नुभयो, “मलाई पानी पिउन देऊ।” ८ उहाँका चेलाहरू सहरमा खानेकुरा किन्न गएका थिए। ९ तब सामरी स्त्रीले उहाँलाई भनी, “तपाईं यहूदी भएर म सामरी स्त्रीको हातबाट कसरी पानी पिउनुहुन्छ?” (यहूदीहरूले सामरीहरूसँग केही सम्बन्ध राख्दैनन्।) १० येशूले त्यसलाई भन्नुभयो, “तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने**

व्यक्तिलाई चिनेकी भए तिमीले उसलाई माग्नेथियौ, र उसले तिमीलाई जिउँदो पानी दिनेथियो।" ११ त्यस स्त्रीले उहाँलाई भनी, "हजूर, तपाईंसित उघाउने भाँड़ो छैन, र इनार पनि गहिरो छ। तब तपाईंले कहाँबाट त्यो जिउँदो पानी ल्याउनुहुन्छ? १२ के तपाईं हाम्रा पुर्खा याकूबभन्दा ठूला हुनुहुन्छ? उनले हामीलाई यो इनार बनाइदिए, र उनी आफैले, उनका सन्तान र उनका गाईबस्तुले यही इनारको पानी पिए।" १३ येशूले त्यसलाई भन्नुभयो, "यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ, १४ तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन। जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ!" १५ त्यस स्त्रीले उहाँलाई भनी, "हजूर, मलाई त्यही पानी दिनुहोस्, र म तिर्खाउनेछैनँ, र यहाँ पानी भर्न आइरहनुपर्दैन" १६ येशूले त्यसलाई भन्नुभयो, "जाऊ, तिम्रो श्रीमान्लाई बोलाएर ल्याऊ।" १७ त्यस स्त्रीले भनी, "मेरो श्रीमान् छैन।" येशूले तिनलाई भन्नुभयो, "तिम्रो श्रीमान् छैन भनी तिमीले ठीकै भन्यौ, १८ किनभने तिम्रा पाँच जना श्रीमान् भइसकेका छन्, र जो अहिले तिमीसँग छ, त्यो तिम्रो श्रीमान् होइन। तिमीले यो साँचो भनेकी हौ।" १९ त्यस स्त्रीले उहाँलाई भनी, "हजूर, तपाईं अगमवक्ता हुनुहुन्छ भनी म थाहा पाउँछु। २० हाम्रा पुर्खाहरूले यस डाँड़ामा आराधना गरे, अनि तपाईंहरू भन्नुहुन्छ, कि आराधना गर्ने स्थान यरूशलेम हो।" २१ येशूले त्यसलाई भन्नुभयो, "ए नारी, मलाई विश्‍वास गर, त्यो बेला आउँदैछ, जब तिमीहरू न त यस डाँड़ामा, न यरूशलेममा पिताको आराधना गर्नेछौ। २२ तिमीहरू जे आराधना गर्दछौ सो जान्दैनौ। हामी जे आराधना गर्दछौं सो जान्दछौं, किनभने मुक्तिचाहिँ यहूदीहरूबाट आउँछ। २३ तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब सच्चा आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्। किनकि आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ। २४ परमेश्‍वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ।" २५ त्यस स्त्रीले उहाँलाई भनी, "म जान्दछु, कि मसीह आउनुहुन्छ (जसलाई ख्रीष्ट भनिन्छ), र जब उहाँ आउनुहुन्छ, तब उहाँले नै हामीलाई सबै कुरा बताउनुहुनेछ।" २६ येशूले तिनलाई भन्नुभयो, "तिमीसँग बोल्ने, म उही हुँ।" २७ त्यति नै बेला उहाँका चेलाहरू आए, र उहाँलाई एउटी स्त्रीसँग कुरा गरिरहनुभएको देखेर छक्क परे, तर "तपाईं के चाहनुहुन्छ?" अथवा "तपाईं त्यस स्त्रीसँग किन बातचित गर्दैहुनुहुन्छ?" भनेर कसैले सोधेनन्। २८

**तब त्यो स्त्री आफ्नो गाग्रो छोड़ेर नगरतिर गई, र मानिसहरूलाई भनी, २९
“आओ, एक जना मानिसलाई हेर, जसले मैले गरेका सबै काम मलाई
बताइदिनुभयो। कतै उहाँ नै ख्रीष्ट त हुनुहुन्न?” ३० तब तिनीहरू नगरबाट
निस्केर उहाँकहाँ गए। ३१ यसै बीचमा चेलाहरूले उहाँलाई यसो भनेर बिन्ती
गरे, “रब्बी, भोजन गर्नुहोस्।” ३२ तर उहाँले तिनीहरूलाई भन्नुभयो, “मसित
खानलाई भोजन छ, जो तिमीहरूलाई थाहा छैन।” ३३ यसकारण चेलाहरूले
आपसमा भने, “के कसैले उहाँलाई भोजन ल्याइदियो कि कसो?” ३४ येशूले
तिनीहरूलाई भन्नुभयो, “मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु, र उहाँको काम
पूरा गर्नु नै मेरो भोजन हो। ३५ के तिमीहरू भन्दैनौ, ‘अझ चार महिना बाँकी
छ, तब बाली काट्ने बेला आउँछ?’ म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा
उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ। ३६ जसले बाली
काट्छ त्यसले ज्याला पाउँछ, र अनन्त जीवनको लागि फल बटुल्छ, र छर्ने र
कटनी गर्ने एकसाथ रमाउँछन्। ३७ किनकि ‘एक जनाले छर्छ, र अर्काले
कटनी गर्छ,’ भन्ने वचन यसैमा सत्य हुन्छ। ३८ मैले तिमीहरूलाई त्यहाँ
कटनी गर्न पठाएँ, जहाँ तिमीहरूले परिश्रम गरेका छैनौं। अरूहरूले परिश्रम
गरेका छन्, र तिनीहरूको परिश्रमका फल तिमीहरूले पाएका छौ।” ३९ “मैले
जे गरें उहाँले मलाई सबै भनिदिनुभयो” भन्ने त्यस स्त्रीको गवाहीले गर्दा त्यस
नगरका सामरीहरूमध्ये धेरैले उहाँमाथि विश्वास गरे। ४० यसकारण जब
सामरीहरू उहाँकहाँ आए, तब तिनीहरूले उहाँलाई तिनीहरूसँग बस्न बिन्ती गरे,
र उहाँ दुई दिन त्यहाँ बस्नुभयो। ४१ अनि उहाँका वचनको कारण अरू धेरैले
उहाँमाथि विश्वास गरे। ४२ त्यस स्त्रीलाई तिनीहरूले भने, “अब तिमीले भनेका
कुराले गर्दा हामीले विश्वास गरेका होइनौं, तर हामी आफैले सुनेका कारणले
साँच्चै उहाँ संसारका मुक्तिदाता हुनुहुन्छ भनी हामीले जानेका छौं।”**

पानी नचल्ने अछुत र तल्लो जात भनिएको देश सामरियाका मानिसहरूले सुसमाचार ग्रहण गर्लान् वा गर्नुपर्छ भन्ने ती चेलाहरूको मनमा कहिल्यै पनि परेको थिएन न त अपेक्षा नै गरेका थिए। विभिन्न धार्मिक शिक्षा, परम्परा र आराधना गर्ने कुरा उठाएर यहूदीहरूसँग सामरीहरूको निरन्तररूपमा द्वन्द्व हुन्थ्यो। तिनीहरूको बीचमा भएको शत्रुता धेरै दशक अघिदेखिकै थियो। जब यरुशलेममा मन्दिरको निर्माण भयो तब सामरीहरूले पनि उक्त निर्माण कार्यमा साथ दिने योजनाकासाथ प्रस्ताव गरेका थिए। तर कट्टर यहूदीहरूले

उक्त प्रस्तावलाई अस्वीकार गरे र मन्दिर बनाउने पुनित कामको अवसरवाट सामरीहरूलाई पन्छाइ दिए। ती सामरीहरूले परमेश्वरलाई नमान्ने अरू जाति तथा संस्कारका मानिसहरूसँग विवाहवारी चलाएका थिए साथै परमेश्वरको आराधना गर्ने विधिप्रति तिनीहरू कट्टर थिएनन्। यरुशलेमको मन्दिर बनाउने काममा आफूहरूलाई नसमेटेकोमा ती सामरीहरूले गिरिजिम पहाडमा आफ्नै मन्दिरको निर्माण गरे। जब येशू गालिलमा जान सामरिया भएर जाँदै हुनुहुन्थ्यो तब चेलाहरू त्यहाँबाट नभई अन्तैबाट जान चाहिरहेका थिए किनकि तिनीहरूको निम्ति सामरिया यस्तो सहर थियो जहाँ सुसमाचार सुनाउनै नसकिने तथा सामरीहरू सुसमाचार सुन्न योग्यका छैनन् भन्ने तिनीहरूको सोच थियो।

येशूको दृष्टिकोण चेलाहरूको भन्दा फरक थियो। तिनीहरूले नदेखेको कुरा पनि येशूले देख्नुभएको थियो। सुसमाचार ग्रहण गर्न तयारी हृदय भएका मानिसहरू सामरियामा थिए भन्ने दिव्यज्ञान येशूमा थियो। जब इनारमा पानी लिन आएकी स्त्रीको बारेमा सुरुमा लेख्दा यूहन्नाले यसरी लेखेका छन् "उहाँले यहूदीया छोड्नुभयो र गालिलतर्फ फेरि जानुभयो। तर उहाँ सामरीया भएर जानु आवश्यक थियो" (यूहन्ना ४:३,४ रूपान्तरित)। सामरिया भएर येशू जानु आवश्यक थियो किनकि यहूदीले पत्यारै नगरेका सामरियामा सुसमाचार सुन्न तयार भएका मानिसहरू छन् भन्ने ज्ञान पवित्र आत्माले उहाँलाई देखाउनु भएको थियो। जब हाम्रो आँखालाई पवित्र आत्माको दिव्यज्ञानद्वारा अभिषेक गरिन्छ तब हामी ती ठाउँहरूमा सुमाचार सुनाउन जान तयार हुन्छौं र त्यहाँ सम्भाव्यताहरू खोज्न थाल्दछौं। जहाँ मानिसहरूले सुसमाचार सुनाउन प्राय असम्भव ठानेका हुन्छन्। अरुका लागि उजाड वा काँडैकाँडा भएको खेतपनि परमेश्वरको राज्यको निम्ति धेरै कटनी हुन सक्ने सम्भाव्यता हामी देख्न सक्छौ तर हामीले पवित्र आत्माको आवाजलाई पहिल्याउन र मान्न तयार हुन सक्नुपर्दछ।

**सामरियामा येशूले गर्नुभएको सेवाकार्य र सुसमाचार प्रचारको आखिरि नतिजा के थियो? हेर्नुहोस्, प्रेरित ८:४-१७ "४ तब ती छरपष्ट भएकाहरूले चारैपट्टि गएर वचन प्रचार गरे। ५ फिलिपचाहिँ सामरियाको एउटा सहरमा गएर तिनीहरूलाई ख्रीष्ट प्रचार गरे। ६ फिलिपले भनेका वचन सुनेर अनि तिनले गरेका चिन्हहरू देखेर, भीड़ले एक मनका भई तिनका कुरामा ध्यान दिए। ७ किनकि धेरै जनाबाट अशुद्ध आत्माहरू ठूलो सोरले चिच्च्याउँदै निस्कन लागे, र**

धेरै जना पक्षाघातका रोगीहरू र लङ्गड़ाहरू पनि निको पारिए। ८ यसरी त्यस सहरमा ज्यादै आनन्द भयो। ९ सिमोन नाउँ भएको एक जना मानिस त्यहाँ थियो। त्यसले अगाडिदेखि नै त्यस सहरमा जादूगरी गरेर सामरियाका मानिसहरूलाई आश्चर्यचकित पारेको थियो, र आफूलाई मै हुँ भनी ठान्दथियो। १० त्यस मानिसलाई सानादेखि ठूलासम्म सबैले यसो भनेर मान्थे, "यो मानिस परमेश्वरको त्यो शक्ति हो, जसलाई महाशक्ति भनिन्छ।" ११ तिनीहरूले त्यसलाई मान्थे, किनभने धेरै समयदेखि त्यसले आफ्नो जादूगरीले मानिसहरूलाई आश्चर्यचकित पारिराखेको थियो। १२ तर जब तिनीहरूले परमेश्वरको राज्य र येशू ख्रीष्टको नाउँको सुसमाचार सुनाउने फिलिपका कुरामा विश्वास गरे, तब पुरुष र स्त्रीहरूले बप्तिस्मा लिए। १३ सिमोन आफैले पनि विश्वास गऱ्यो। त्यसले बप्तिस्मा लियो, र त्यो फिलिपसँग लागिरह्यो, र चिन्हहरू र ठूला-ठूला अचम्मका काम गरेको देखेर त्यसलाई आश्चर्य लाग्यो। १४ सामरियाका मानिसहरूले परमेश्वरको वचन ग्रहण गरे भन्ने सुनेर यरूशलेममा रहेका प्रेरितहरूले पत्रुस र यूहन्नालाई तिनीहरूकहाँ पठाए। १५ उनीहरू त्यहाँ आएर तिनीहरूले पवित्र आत्मा पाऊन् भनेर तिनीहरूका निम्ति प्रार्थना गरे। १६ किनकि त्यतिञ्जेलसम्म तिनीहरूमध्ये कुनैमाथि पनि उहाँ आउनुभएको थिएन। तिनीहरूको बप्तिस्मा प्रभु येशूको नाउँमा मात्र भएको थियो। १७ तब उनीहरूले आफ्ना हात तिनीहरूमाथि राखे, र तिनीहरूले पवित्र आत्मा पाए।"

परमेश्वरको सत्य वचनलाई सुनाउने अवसरलाई छोडेर अन्यत्र बाटो भएर चेलाहरू जान्थ्ये होलान्। तिनीहरूले देखेनन् तर येशूले देख्नुभयो। त्यस सामरी स्त्रीको हृदयमा पवित्र आत्माले काम गर्नुभएर उनमा सुसमाचार ग्रहण गर्ने वातावरण बनेको थियो भन्ने रहस्य येशूले पहिचान गर्नुभएको थियो। तिनले नाटकीयरूपमा येशूलाई विश्वास गर्न पुगेको घट्नाले सहरका धेरै मानिसहरूलाई प्रभाव पारेको थियो। साच्चै नै जब हामी सुसमाचार प्रचार गर्छौं वा गवाही दिन्छौं तब त्यसको नतिजा वा प्रभाव हामी तुरुन्तै नदेख्न सक्छौं। तर सुसमाचार सुन्न तयार भएका मानिसहरूको हृदयमा हामीले सुसमाचारको बिऊ रोपेका हुन्छौं। एक दिन त्यो सुसमाचारले परमेश्वरको महिमाको निम्ति कटनी वा फसल ल्याउनेछ भन्ने कुरामा हामी विश्वस्त हुनैपर्दछ।

बास्तवमा हाम्रो वचन र हाऊभाऊ, चालचलन वा क्रियाकलापले अरूलाई कसरी प्रभाव पार्छ भन्ने विषयमा हामी अनविज्ञ हुन सक्छौ। त्यसले कि

**त असल कि त खराब प्रभाव पारेकै हुन्छ। त्यसकारण हामीले अरूको सामु के बोल्ने कसरी बोल्ने अथवा कस्तो व्यवहार गर्ने भन्ने कुरामा हामी सधैं चनाखो हुनै पर्दछ।**

## २. हाम्रो मनस्थिति वा मनोवृत्तिको समायोजन गर्ने

अरूलाई प्रभाव पार्ने कुरा प्रायजसो हाम्रो मनस्थिति वा खुबीमा भरपर्छ। जब हामी कसैसँग बोल्छौं तब हाम्रो पाराले अरुलाई आकर्षित गर्छ कि गर्दैन भन्ने देखाउँदछ। यदि हामी रुखो भएर अरूको आलोचना गर्छौं वा अरूको राम्रो पक्षलाई नहेरि खालि दुर्वलपक्षलाई मात्र कोट्याउछौं र कसैसित मिलाप गर्दैनौं भने त्यसले मानिसहरूलाई हामीबाट टाढै राख्दछ। तपाईंले जतिसुकै सत्य बोलेर प्रभुको निम्ति गवाही दिए वा सुसमाचार सुनाउनुभए तापनि यदि तपाईंको दिमागमा कसैप्रति पूर्वाग्रह छ भने तपाईंको अनुहारले तपाईंलाई सुन्ने व्यक्तिलाई खासै मन पराउनुभएको छैन भन्ने देखाउँछ र अन्तत तपाईंको वचन फलदायी नहुन सक्छ।

यदि हामी हाम्रो वचन सुन्ने मानिसहरूप्रति सकारात्मक छौं र उनीहरूमाथि हाम्रो विश्वास छ भनेर हामीले देखाउन सक्यौं भने तिनीहरू हामीप्रति आकर्षित हुनसक्छन्। अरूलाई बलजफ्ती नगर्ने, दवाव नदिने र आफ्नो कुरामा मात्र ढिपी नगर्ने मानिससँग मित्रताको सम्बन्ध सृजित हुन्छ। अरूप्रति हामीले लचिलो हुनुपर्छ ताकि तिनीहरूपनि हामीप्रति लचिलो होऊन्। यस सन्दर्भमा येशूले एक सुन्दर नीति प्रस्तुत गर्नुभएको छ "म अब तिमीहरूलाई मेरा दास वा चाकरहरू भन्दिँन, किनभने दास वा चाकरहरूलाई आफ्नो मालिकले के गर्छ सो थाहा हुँदैन। म तिमीहरूलाई मित्र भनेर सम्बोधन गर्दछु किनकि मैले मेरा पिताबाट जे जे सुनें मैले तिमीहरूलाई थाहा दिएको छु।" (यूहन्ना १५:१५ रूपान्तरित)। यस संसारमा भएका कुनैपनि साथी सिद्ध वा गल्ती नै नगर्ने भन्ने हुदैनन्। बरू आफूमा भएका आनन्द र शोकहरू आपसमा खुलारूपले बाँड्दछन् र एक आपसलाई स्वीकार गर्दछन्।

**देहायका पदहरूमा दुई स्त्रीहरूको बारेमा बताइएको छ। ती स्त्रीहरू फरक फरक परिस्थितिमा थिए। एक जनासँग येशू रुखो हुनु भएको थियो भने अर्कीसँग कोमल भएर देखाउनुभएको थियो। तर दुवैसँग उहाँले मुक्ति र अनुग्रहको हात फैलाइरहनुभएको थियो भनेर ती विवरणहरूले तपाईंलाई आभास्**

दिन्छन्? हेर्नुहोस्, मत्ती १५:२१-२८ "२१ तब येशू त्यहाँबाट निस्कनुभयो, र टुरोस र सीदोनका इलाकातिर जानुभयो। २२ त्यस इलाकाबाट एउटी कनानी स्त्री आएर कराउँदै भन्न लागी, "हे प्रभु, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्। मेरी छोरीलाई भूतले साह्रै सताएको छ।" २३ येशूले त्यसलाई केही जवाफ दिनुभएन। उहाँका चेलाहरूले आएर उहाँलाई बिन्ती गरे, "यसलाई बिदा गर्नुहोस्, किनभने त्यो कराउँदै हाम्रो पछि लागिरहिछे।" २४ उहाँले भन्नुभयो, "म इस्राएल जातिका हराएका भेड़ाहरूका निम्ति मात्र पठाइएको हुँ।" २५ तर त्यो स्त्री आएर उहाँको अघि घोप्टो परी र भनी, "हे प्रभु, मलाई सहायता गर्नुहोस्।" २६ उहाँले भन्नुभयो, "बालकहरूको रोटी लिएर कुकुरहरूलाई फालिदिनु ठीक हुँदैन।" २७ त्यसले भनी, "हो प्रभु, तर कुकुरहरूले पनि त आफ्ना मालिकको टेबिलबाट झरेका टुक्राटाक्री खान्छन्।" २८ तब येशूले त्यसलाई जवाफ दिनुभयो, "ए नारी, तिम्रो विश्वास ठूलो रहेछ। तिमीले इच्छा गरेबमोजिम तिमीलाई होस्।" त्यसकी छोरी त्यही घड़ी निको भइहाली।" र मर्कूस १४:३-९ "३ उहाँ बेथानियामा सिमोन कुष्ठरोगीको घरमा खान बस्नुहुँदा एउटी स्त्री विशुद्ध जटामसीको बहुमूल्य अत्तर सिङ्गमरमरको शीशीमा लिएर आई, र त्यो शीशी फुटाएर त्यो सुगन्धित जटामसीको अत्तर उहाँको शिरमा खन्याई। ४ तर कोही-कोहीले रिसाउँदै आपसमा भन्न लागे, "यो सुगन्धित अत्तर किन यसरी नोक्सानी गरेकी? ५ किनकि यो अत्तर तीन सय चाँदीका सिक्काभन्दा बढ़ीमा बिक्री गरेर गरीबहरूलाई त्यो पैसा दिन सकिन्थ्यो।" अनि तिनीहरूले त्यस स्त्रीलाई झपारे। ६ तर येशूले भन्नुभयो, "छोडिदेओ, किन तिमीहरू यिनलाई सताउँछौ? यिनले मप्रति असल काम गरेकी छिन्। ७ किनभने गरीबहरू त तिमीहरूसँग सधैं हुन्छन्, र इच्छा लागेको कुनै पनि समय तिमीहरू तिनीहरूको भलाइ गर्न सक्छौ। तर म त सधैं तिमीहरूका साथमा हुँदिनँ। ८ यी स्त्रीले जे गर्न सक्थिन् त्यही गरेकी छिन्। यिनले मेरो शरीरको दफनको निम्ति अघिबाटै सुगन्धित अत्तर घसेर तयार पारेकी छिन्। ९ साँच्चै, म तिमीहरूलाई भन्दछु, सारा संसारमा जहाँ-जहाँ यो सुसमाचार प्रचार गरिन्छ, यी स्त्रीले जे गरेकी छिन् यिनको सम्झनाको लागि यो कार्यको वर्णन गरिनेछ।"

मत्ती १५मा उल्लेख गरिएकी स्त्री कनानी थिइन् (उनी आधुनिक लेबनानकी थिइन् र त्यो देश मूर्तिपूजकहरूको थियो। ति स्त्री यहूदी थिइनन् तर बिदेशी र अन्य जातिकी थिइन्। यहूदीहरूले त्यस जातिका मानिसलाई

तल्लो जात भनेर हेप्दथे)। जब सुरुमा ती स्त्रीले येशूसँग आफ्नी छोरीलाई विषेक पारिदिन अनुरोध गरिन् तब उहाँले नसुने झैं गर्नुभयो। तर येशूप्रति उनको आस्था वा विश्वासको कारणले उनले आफ्नो अनुरोध जारी राखिन्। अनि आखिरमा उनको ढिपीकै कारण उनको चाहनालाई येशूले पूरा गरिदिनुभयो। अनि येशूले ती बिचरी कनानी स्त्रीलाई यसरी सम्बोधन गर्नुभयो कि उनको देशमा रहेका कुनै पनि धर्मगुरुहरूले त्यसरी सम्बोधन गरेका थिएनन् न गर्न नै सक्थे। सबैले सुन्ने गरी ती स्त्रीको विश्वासलाई सराहना गर्दै भन्नुभयो "हे नारी, तिम्रो विश्वास महान् छ!" (मत्ती १५:२८ रूपान्तरित)। अन्य धर्म गुरुहरूले भन्दा ती नारीलाई उहाँले अत्यन्तै प्रशंसा गर्नुभएको थियो। ( अझ चेलाहरूको निम्ति त्यो प्रसंसा चुनौतिपूर्ण थियो-अनुवादकको विचार)। येशूको त्यो मिठो वचन सुनेपछि ती नारीको हृदय खुशीले गदगद भयो होला र उनको जीवन पनि परिवर्तन भयो होला? (मुसलमानहरूको प्रभावले गर्दा अहिले लेबनानमा ५० प्रतिशतमात्र इसाईहरू छन् तर त्यसभन्दा पहिले धेरै थिए। सायद ती स्त्री येशूको निम्ति प्रभाकारी गवाही बनेकी थिइन्।र यहूदीहरूले बिदेशी वा अन्य जाति भनेर कहलाइएको लेबनानमा इस्राएलमा भन्दा धेरै मानिसहरू अझै पनि येशूलाई विश्वास गर्दछन्-अनुवादकको टिप्पणी)।

अब दोस्री स्त्रीको कथामा जाऔं। ती स्त्री यहूदी थिइन् जसले अत्यन्तै महँगो अत्तरले येशूको पाऊ धोएकी थिइन्। तर उनी मानिसहरूको बीचमा चरित्रहीन नारी भनेर चिनिन्थिन्। उनी विभिन्न राप र चापको कारण वेश्यावृति वा जिऊ मास्ने पेशामा लाग्न व्याध्य भएकी थिइन्। तर येशूले उनलाई क्षमा दिनुभएपछि उनमा आमूल परिवर्तन आएको थियो र उनी नयाँ भएकी थिइन्। जब अरूले उनको आलोचना गरे तब येशूले उनको तारिफ गर्नुभयो र उनको काममा उहाँले सहमति जनाउनुभयो। उहाँले सबैको सामु यो घोषणा गर्नुभयो "यस सारा संसारमा जहाँपनि यो सुसमाचार प्रचार गर्दा यी स्त्रीले जे गरिन् त्यो पनि सुनाइनुपर्छ। उनको स्मरणको निम्ति उनले गरेको काम अरूलाई सुनाइयोस्" (मर्कूस १४:९ रूपान्तरित)।

**हामीले भर्खरै दुईटी नारीहरूको बारेमा पढ्यौं। त्यहाँ कस्तो सकारात्मक मनिस्थिति वा दिमागी सोच थियो जसले अरूको मन जितियो? दैनिक जीवनमा तपाईंको सम्पर्कमा आएका मानिसहरूप्रति तपाईंको मनस्थिति वा**

**दिमाग कसरी चलाउन वा समायोजन गर्न सक्नुहुन्छ जसले गर्दा तिनले तपाईंका कुराहरू सुनून्?**

## ३. सुसमाचारको सत्यलाई मायालु र मिलनसार भएर प्रस्तुत गर्ने

कसैलाई साथी बनाउँदैमा हाम्रो मित्रताले ऊ विश्वासी बन्छ भन्ने हुँदैन। हामीसँग धेरै साथीहरू होलान्, कतिपय समयमा तिनीहरूसँग हाम्रो र हामीसँग तिनीहरूको भेटहुँदा रमाइलो होला र सँगै समय बिताउन इच्छुक होऔला, तर तिनीहरूलाई हाम्रो निम्ति येशू को हुनुहुन्छ र उहाँले हाम्रो जीवनलाई कसरी परिवर्तन गर्नुभयो भनेर सुनाएनौं भने त्यो मित्रताले तिनीहरूलाई अनन्त राज्यमा सहभागी गराउन कमै अवसर मिल्न सक्छ। साथीहरू हामीसँगै रहँदा रमाइलो महसुस त गर्लान् नै तर हामीलाई मानिसहरूकासामु केवल रमाइलो बन्नमात्र परमेश्वरले हामीलाई बोलाउनुभएको होइन। हो, साथी बनायौ भन्दैमा ती साथीहरू येशूकहाँ आउँछन् भन्ने त हुँदैन तर कसैसँग साथी नबन्ने, तिनीहरूसँग टाढै बस्ने वा मिलनसार नहुने परिस्थितिले धेरै मानिसहरू ख्रीष्टबाट अलगै भइरहने स्थितिलाई टेवा दिन सक्दछ।

"सत्यलाई मायालु वा प्रेमिलो तरिकाले बताउनुपर्छ" भनेर प्रेरित पावलले हामीलाई याद दिलाएका छन् (एफिसी ४:१५ रूपान्तरित) अर्थात् बोलिचालीमा हामी सत्यलाई माया गर्ने मानिसहरू हौं भन्ने देखाउनुपर्छ ।साथै सत्यलाई जबरजस्ती होइन मायालुभएर बाँड्न सक्नुपर्छ। जब हामी कसैसँग मित्रताको सम्बन्ध गाँस्छौं तब हामी एक आपसमा कतिपय विषयमा सहमत हुन्छौं, कतिपय कुराहरू सहजै स्वीकार्दछौं तर जब जब उचित समय आउँछ तब तब तिनीहरूको क्रियाकलाप, आनिबानी वा क्षमताको तारिफ गर्दछौं। कतिपय मानिसहरू अरूको केवल काँडा वा नराम्रो बानीतिरमात्र ध्यान दिँन्छन् तर हामीचाहिँ येशूका भक्त भएको हैसियतले हामीमा अरूका असल वा सबलपक्षहरू हेर्ने बानी हुनुपर्दछ।

**२ थेस्सोलिनिकि १:१-४ पढ्नुहोस्। यसमा पावलले थेस्सोलिनिकीका विश्वासीहरूमा भएका खास गुण वा स्वभावहरूको तारिफ गरेका थिए। हेर्नुहोस्, "१ पावल, सिलास र तिमोथीबाट, परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टमा थेसलोनिकीहरूको मण्डलीलाई: २ परमेश्वर पिता र प्रभु येशू ख्रीष्टबाट**

**तिमीहरूलाई अनुग्रह र शान्ति। ३ भाइ हो, तिमीहरूका निम्ति परमेश्वरलाई सधैं धन्यवाद चढ़ाउन हामी बाध्य छौं। यो योग्य पनि छ, किनकि तिमीहरूको *विश्वास प्रशस्त गरी वृद्धि भइरहेछ,* र *एक-अर्काप्रति तिमीहरू हरेकको प्रेम बढ़िरहेछ*। ४ यसकारण तिमीहरूका सबै सतावट र तिमीहरूले सहिरहेका कष्टहरूका बीचमा तिमीहरूका *स्थिरता र विश्वासको* निम्ति परमेश्वरका मण्डलीहरूका माझमा हामी ज्यादै गर्व गर्छौं।"**

अरूको आलोचना मात्र गर्ने बानी, अरूको गल्तीलाई मात्र देख्ने वा कोट्याउने स्वभाव वा चरित्रले कसैलाई पनि फाइदा गर्दैन बरु आफूमात्र राम्रो छु भन्ने मपाईंत्वलाई फुलाइदिन्छ।

तर प्रेरित पावल त्यस्ता बानी वा मनस्थितिको बिपरीत थिए। उनले सेवा गरेका चर्चका विश्वासीहरूमा भएका सकारात्मक गुणहरू हेर्ने उनको बानी थियो। कसैले गल्ती गरे वा कुबाटोमा लागे वा येशूको चालमा नहिँडेमा तिनीहरूलाई उनले सम्झाएका थिए तर तिनीहरूको पापप्रति आँखा चिम्लेका थिएनन्। तर आफूले स्थापना गरेका चर्चहरूको उत्थानप्रति उनको विषेश ध्यान गएको थियो। विश्वासीहरूलाई उत्साह दिन तिनीहरूले गरेको काम र तिनीहरूमा भएका गुणहरूप्रति आफू आकर्षित भएको कुरा वताएका थिए।

मानिसहरूसँग कसरी सकारात्मक सम्बन्ध राख्ने भन्ने विषयमा एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको भावना अत्यन्तै उल्लेखनीय छ "यदि हामी परमेश्वरको अगाडि नम्र वा कोमल भयौं, अरूसँग दयालु, मायालु, कोमल मनका भएर, सिष्टता, करुणा र अरूको दुःख बुझ्ने बानी बसाल्न सक्यौं भने अहिले एक जनामात्र सत्यतिर फर्केका भएपनि सो आचारणका कारण सयौं मानिसहरू सत्यतिर फर्कनेछन्"-टेस्टिमोनिज फर द चर्च, ठेली ९, पृ. १८९बाट रूपान्तरित।

**माथि एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको भनाइप्रति एकपटक ध्यान दिनुहोस्। तपाईंको चर्चका हरेक सदस्यले दया, सिष्टता, करुणा, कोमलता र अरूको दुःख बुझ्नु पर्छ भन्ने कुरालाई बुझेका छन्? यदि यी सबै कुरालाई बुझ्न सकियो भने तपाईंको चर्च कस्तो हुन्थ्योहोला? तपाईंले आफ्नै हृदयमा हेर्नुहोस् र तीमध्ये कुन गुण वा स्वभाव अझ राम्रोसँग बिकास गर्न आवश्यक देख्नुहुन्छ ?**

## ४. स्वेच्छिक रूपमा येशूलाई ग्रहण वा स्वीकार गरिनु पर्दछ ।

**देहायका केही पदहरू पढ्नुहोस्। तपाईंको वचनलाई कसैले सहमति वा स्वीकार कुन आधारमा गर्छ? कसैको मनस्थिति वा विचारलाई सहमतिमा ल्याउन कुन मूल नीति अपनाउनुपर्दछ? रोमी १५:५-७ "५ स्थिरता र उत्साहका परमेश्वरले तिमीहरूलाई ख्रीष्ट येशूसँग एक भएर एक-अर्कासँग एक चित्तका भई जिउन देऊन्, ६ कि एकै मनका भएर एउटै सोरले हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको महिमा तिमीहरू गर्न सक। ७ यसकारण परमेश्वरका महिमाको निम्ति ख्रीष्टले तिमीहरूलाई ग्रहण गर्नुभएबमोजिम तिमीहरूले पनि एउटाले अर्कालाई ग्रहण गर।" र एफिसी ४:३१-३२ "३१ सबै तीतोपना, क्रोध र रिस, होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरूले त्यागिदेओ। ३२ जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ।"**

एक अर्कोलाई कसरी ग्रहण गर्न वा स्वीकार गर्न सकिन्छ। अर्थात् मिलापमा आउन चाहिने नीतिहरू माथिका पदहरूमा पावलले प्रस्तुत गरेका छन्। येशू ख्रीष्टले हामीलाई क्षमा दिनुभयो र हामी प्रत्येकलाई उहाँले ग्रहण गर्नुभएको कारणले हामी पनि एक आपसमा क्षमा दिने र ग्रहण गर्ने हुनुपर्दछ? येशूले हामीलाई स्वीकार गर्नुभएकोले वा हामीलाई उहाँको मायामा गाँस्नुभएकोले नै हामी पनि एक आपसमा त्यसै गर्न सक्छौं। हामीमा कमी कमजोरी होलान् तैपनि हामीलाई जस्ताको तस्तै येशूले ग्रहण गर्नुहुन्छ। त्यही नीति हामीले पनि अपनाउनुपर्दछ।

यस विषयमा एकपटक गहिरिएर सोच्नुहोस्। तपाईंको बारेमा सोच्नुहोस्। तपाईंले गर्नुभएको केही कामको बारेमा वा आनिबानीका सम्वन्धमा पनि सोच्नुहोस्। यस विषयमा यदि तपाईंमा केहि कमि कमजोरी छन् र त्यो कुरा अरूले थाहा पाए भने कस्तो नमज्जा होला वा तपाईंलाई नमज्जा लाग्ला एकपटक विचार गर्नुहोस्।

यद्यपि तपाईंले येशूलाई विश्वासद्वारा ग्रहण गर्नुभएको छ। तपाईंको बारेमा कतिपयलाई थाहा नहोला तर उहाँलाई तपाईंको बारेमा सबै कुरा थाहा छ। हो, तपाईंको बारेमा ती सबै कुराहरू उहाँलाई थाहा भएर पनि उहाँ तपाईंलाई ग्रहण गर्नुहुन्छ, तपाईंलाई ग्रहण गर्नुको पछाडि तपाईं असल,

भलाद्मी, धर्मी हुनुभएकोले होइन तर उहाँ प्रेमिलो पर्मेश्वर हुनु भएको कारणले गर्दा हो।

त्यसैले अब तपाईंमाचाहिँ अरूप्रति कस्तो मनस्थिति हुनुपर्छ त? वा अरूलाई हेर्ने र ग्रहण गर्ने कस्तो बानी हुनुपर्छ?

यो अवधारणा कतिपयलाई बुझ्न गाह्रो छ। कसैलाई सच्चा हृदयले वा मन खोलेर ग्रहण गर्नु वा स्वीकार्नु भनेको तिनीहरूलाई जस्ताको त्यस्तै स्वीकार्नु हो। तिनीहरू हामी जस्तै भएमा वा हाम्रो स्वभाव वा शिक्षादीक्षा र स्तरसँगमिल्ने भएमात्र तिनीहरूसँग मिल्ने वा साथी बन्ने भन्ने होइन। तिनीहरूमा पापी स्वभाव वा आनिबानी भएतापनि तिनीहरूको तहमा हामीले तिनीहरूसँग मित्रता गाँस्नुपर्छ। यो कुरा कहिल्यै नबिसौं कि सबै मानिसहरू परमेश्वरको स्वरुपमा सृष्टि भएका हुन्। "हामी पापी छँदै येशू मर्नुभएकोले" र "परमेश्वरसँग येशूले मिलाउनुभएकोले" र हामी उहाँको शत्रु भएकै बेलामा उहाँले हामीलाई क्षमा दिनुभएकोले हामी पनि अरूलाई क्षमा दिनसक्छौं र अरूलाई ग्रहण वा स्वीकार गर्नसक्छौं। हाम्रो नीति वा स्वभावको आधारमा होइन तर हामीप्रति येशूको प्रेम, क्षमा र उहाँले हामीलाई गर्नुभएको प्रेमको आधारमा हामी पनि अरूलाई येशूले जस्तै व्यवहार गर्न सक्छौं र स्वीकार्न सक्छौं (रोमी ५:६-११ "६ किनकि हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा मर्नुभयो। ७ धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि हाल्ला। ८ तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो। ९ यसकारण उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ़ी हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइनेछौं। १० किनकि हामी शत्रु छँदै उहाँका पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो भने, झन् बढ़ी अब उहाँसँगै मिलाप भएका हुनाले ख्रीष्टको जीवनद्वारा हामी बचाइनेछौं। ११ यति मात्र होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरमा हामी रमाउँदै पनि छौं, उहाँद्वारा अब हामीलाई परमेश्वरसँग मिलाप प्राप्त भएको छ।"

जब हामी कसैलाई जस्ताको त्यस्तै स्वीकार गर्छौं र तिनीहरूप्रति हामी वास्ता वा चासो राखेर सम्बन्ध स्थापना गर्छौं तब त्यो व्यक्तिसँग बिस्तारै प्रेमपूर्वक मायालु तरिकाले परमेश्वरको सत्य वचनहरू बाँड्न सक्ने हुन्छौं।

यदि हाम्रो जीवनले येशूको मिठासपनलाई अरूसमक्ष बाँड्न सकेनौं भने हामीले प्रेमलाई वेवास्ता गरेका हुन्छौं। त्यसैले हामीले जीवन परिवर्तन गर्ने र अनन्तका सत्यहरू हाम्रा मित्रहरूलाई बाँड्नैपर्छ।

येशूको नीति "जे मनलाग्यो त्यही गर्ने" कदापी होइन। अर्थात, ठीकै छ तपाईं जस्तो हुनुहुन्छ त्यस्तै नै म तपाईंलाई स्वीकार गरिरहन्छु वा तपाईंको गलत जीवनशैली वा मनस्थितलाई पनि स्वीकार्दै म पनि तपाईंजस्तै गरिरहन्छु।"भन्ने होइन । बरू येशूको नीति त, "तिमीले जे गर्‍यौ त्यसलाई क्षमा दिन म तयार छु र तिम्रो जीवनलाई परिवर्तन गर्ने शक्ति म तिमीलाई दिन चाहन्छु।" भन्ने चाहीं हो । त्यसैले मायालु तरिकाले येशूको आत्माले प्रेरित भएर बाइबलको सत्यलाई नम्रतापूर्वक प्रस्तुत गर्न सक्यौं भने मात्र हामी मानिसहरूको हृदय जित्न सक्छौ र तिनीहरूको जीवन पनि परिवर्तन हुनसक्छ।

**व्यक्तिको पापी स्वभाव वा आनिबानीलाई स्वीकार नगरि व्यक्ति स्वयमलाई कसरी स्वीकार गर्न सकिन्छ? मानिसहरूसँग मिलाप वा संगतगर्ने सिलसिलामा तिनीहरूले गरिरहेका पाप वा गलत क्रियाकलापहरूलाई ठीक छैनन् है भनेर कसरी थाहा दिने? (अर्थात् "तपाईंको बानीलाई होइन तर तपाईंलाईचाहिँ म मन पराउँछु" भन्ने आभास् ती मानिसहरूलाई कसरी दिने?)**

## ५. मिलनसार भएर प्रेमपूर्ण तरिकाले सत्यलाई प्रस्तुत गर्नु

**कसैले** कसैलाई गरेको प्रेममा यदि हित वा भलाई भएन भने त्यो प्रेम साचो हुदैन। प्रेमले जहिले पनि अरूको हित खोज्दछ। सत्य र प्रेमको बीचमा बिमति हुँदैन। कुनै पनि सत्यलाई कसैको सामु प्रस्तुत गर्नुछ भने नम्र, कोमल र स्नेह देखाएर प्रस्तुत गर्नुपर्दछ। यहि नै प्रेमको सही परिभाषा हो। यदि हामी कसैलाई सत्यको बारेमा भन्न चाहन्छौं भने हामीले उहाँलाई नै केन्द्रविन्दु बनाएर सम्बोधन गर्नुपर्दछ किनकि येशूले भन्नुभयो "बाटो, सत्य र जीवन म नै हुँ" (यूहन्ना १४:६)। येशूमात्र मुक्तिको बाटो हुनुहुन्छ (प्रेरित ४:१२)। उहाँकै अनुग्रहले हामीलाई मुक्ति दिन्छ ताकि हामी उहाँको सत्यलाई जान्न सकौं र उहाँको जस्तै जीवन हामी पनि जिऔं। प्रेमबिनाको सत्य वा धर्मले मानिसलाई कट्टर बनाउँछ र आत्मिक जीवनलाई निम्ठ्याइ दिन्छ। त्यस्तै सत्यबिनाको प्रेमले मानिसलाई भावुकमात्र बनाउँछ र मानिसको सर्वोच्च हित

भन्दा भावनालाई केन्द्रविन्दु बनाइदिन्छ। जसले गर्दा मानिस कुनै ठोस आधार र अर्थपूर्ण जीवनमा नभई ऊ अनिश्चितताको सागरमा भौँतारिन पुग्छ। जब प्रेमपूर्वक सत्यलाई प्रस्तुत गरिन्छ तब त्यसले सक्कली इसाई जीवनतिर डोऱ्याउँछ जसले उसको जीवनपद्धति, लक्ष्य, आत्मियता, दिशा र सोचमा स्पष्टता ल्याउँदछ।

**बाइबलको सत्यलाई नम्रताका साथ मानिसहरूकोमाझ जस्ताको तस्तै प्रस्तुत गर्नुपर्छ भनेर देहायका पदहरूले हामीलाई सिकाउँदछ। हेर्नुहोस्, १ पत्रुस ३:१५ "ख्रीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर। तिमीहरूमा भएका आशाको विषय कसैले सोधपूछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धासाथ गर।", २ तिमोथी ४:२ "वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्यमा र शिक्षा दिने कुरामा नचुक।" र तितस ३:३-११ "३ किनभने हामी पनि एक पल्ट मूर्ख, अटेरी, बरालिएका, किसिम-किसिमका कामवासना र सुख-विलासमा फसेका, द्वेष र डाहमा दिन बिताउने, मानिसबाट घृणित भएका, एउटाले अर्कालाई घृणा गर्ने थियौं। ४ तर जब परमेश्वर हाम्रा मुक्तिदाताको भलाइ र प्रेम प्रकट भयो, ५ तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन, तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो, ६ जो उहाँले हाम्रा मुक्तिदाता येशू ख्रीष्टद्वारा हामीमाथि प्रशस्त गरी खन्याउनुभयो, ७ ताकि उहाँको अनुग्रहले धर्मी ठहरिएर हामी अनन्त जीवनको आशा राख्ने उत्तराधिकारी बन्न सकौं। ८ यो भनाइ पक्का छ। म चाहन्छु कि तिमीले यी कुराहरूमा जोड देऊ, ताकि तिनीहरू जसले परमेश्वरमा विश्वास राखेका छन् आफूलाई असल काममा कायम राख्न होशियार रहून्, किनकि यी कुरा मानिसहरूका लागि उत्तम र लाभदायक छन्। ९ तर मूर्ख वाद-विवाद, वंशावली, फूट र व्यवस्थासम्बन्धी झगड़ाहरूबाट अलग बस, किनकि ती बेफाइदा र व्यर्थका हुन्छन्। १० फूट ल्याउने मानिसलाई चाहिँ एक वा दुई पल्ट चेताउनी दिएपछि त्यससँग अरू कुनै सरोकार नराख, ११ यो जानेर कि यस्तो मानिस भ्रष्ट र पापी हो। त्यो आफै दोषी ठहरिएको छ।"**

नयाँ करारका लेखकहरूमा सत्यप्रति स्पष्ट अडान थियो। प्रेम गर्ने वा माया गर्ने नाउँमा तिनीहरूले सत्यलाई कहिल्यै पनि गिराएका थिएनन्।

तिनीहरूले प्रेम र सत्यलाई, अनुग्रह र व्यवस्थालाई, करुणा र इमान्दारितालाई सौन्दर्यात्मक तरिकाले उचालेका थिए। यदि कसैले तपाईंको विश्वास र तपाईंमा भएको आशाको बारेमा सोध्छन् भने नम्रभएर श्रद्धापूर्वक जवाफ दिनुहोस् भन्ने पत्रुसको आग्रहलाई आत्मसात् गर्न जरुरी छ (१ पत्रुस ३:१५)। त्यसको अर्थ तपाईं आफै के विश्वास गर्नुहुन्छ ? किन विश्वास गर्नुहुन्छ ? वा तपाईं किन येशूको अनुयायी हुनुभएको छ भन्ने विषयमा स्पष्ट हुनुपर्दछ। यदि तपाईं अरूले भनेको भरमा वा अरूको लहैलहैमा लागेर विश्वास गर्नु भएको भए तपाईं परनिर्भर भएर चल्नुभएको छ। अनि तपाईं के विश्वास गर्नुहुन्छ र किन गर्नुहुन्छ सो व्याख्या गर्ने खुबी तपाईंमा हुँदैन। फेरि यसको अर्थ यो होइन कि तपाईंले विश्वास गर्नुभएको सबै थोकको जवाफ तपाईंमा हुनुपर्छ । र अरूलाई तपाईंको विश्वासको बारेमा सिकाएर विश्वास दिलाउन वा तपाईंको विश्वास वा शिक्षादीक्षा अरूलाई पनि सिकाउन सक्नुपर्छ। तर त्यसको अर्थ सत्यलाई नम्रता, श्रद्धापूर्वक र अरूलाई कदर गर्दै प्रस्तुत गर्नु पर्छ। तपाईंले प्रस्तुत गर्न खोज्नुभएको सत्यको महानताप्रति तपाईं संवेदनशील हुनुपर्छ। यदि नम्र भएर जिद्दी नगरी , म मात्र ठीक छु भनेर जबरजस्ती नगरी तपाईंको आस्थाको व्याख्या गर्न सक्नुभयो भने तपाईंको कुरा सुन्न मानिसहरू राजी हुनेछन्।

पावल आफ्नो युवा धर्मपुत्र तिमोथीलाई यसरी सल्लाह दिन्छन् "वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्य र सहनशील भएर सिकाऊ।" (२ तिमोथी ४:२)।

पावलको सल्लाह केवल तिमोथीको लागिमात्र होइन हाम्रालागि पनि हो। हामीलाई पनि सकेसम्म नम्र र कोमल तरिकाले सत्यलाई प्रेमले बुनेर प्रस्तुत गर्न आह्वान गरिएको छ।

**यदि तपाईंलाई कसैले "तपाईं किन इसाई हुनुभयो" भनेर सोध्यो भने त्यसको जवाफ कसरी दिनुहुन्छ र किन दिनुहुन्छ?**

## उपसंहारः

**थप जानकारीः** "येशू ख्रीष्टमा गोठालाको जस्तो कोमलता छ, बाबुआमाको जस्तो स्नेह छ र करुणामय मुक्तिदाताको अतुलनीय वा कसैसँग दाँज्नै नसकिने अनुग्रह छ। जब उहाँ आशिषहरू प्रस्तुत गर्नुहुन्छ तब ती आशिषहरू अत्यन्तै

आकर्षक हुन्छन्। उहाँले आशिष वा वचनहरू केवल सूचनाको रूपमामात्र प्रस्तुत गर्नुहुन्न तर अत्यन्तै आकर्षित तरिकाले प्रस्तुत गर्नुहुन्छ र श्रोताहरू ती आशिषलाई आफ्नो बनाउन उत्साहित हुन्छन्। त्यसरी नै हामी उहाँका सेवकहरूले पनि हाम्रो मुखबाट उच्चारण नै गर्न नसकिने अनुग्रहको बरदान मानिसहरूसामु प्रस्तुत गर्नुपर्छ। येशूको अचम्मको प्रेमले मानिसका हृदयहरू पग्लिन सक्छन्। तर केवल सुख्खा शिक्षा वा प्रचारप्रसार वा सिद्धान्तमात्र औपचारिकता पूरा गर्नकै लागिमात्र सुनाएर त्यसले नतिजा दिन सक्दैन। "१
तिमीहरूका परमेश्वर भन्नुहुन्छ, मेरो प्रजालाई सान्त्वना, सान्त्वना। २ विनम्र
भएर यरूशलेमलाई भन। त्यसको दासत्वको सेवा पूरा भएको छ, त्यसका
पापहरू क्षमा गरिएका छन् अनि त्यसले परमप्रभुको हातबाट आफ्ना सबै
पापका निम्ति दोब्बर पाएको छ भनी त्यसलाई घोषणा गर। ३ कसैले
बोलाइरहेको एउटा आवाज सुनिन्छः "मरुभूमिमा परमप्रभुको निम्ति बाटो तयार
गर। उजाड़-स्थानमा हाम्रा परमेश्वरको निम्ति मूलबाटो समतल बनाऊ। ४
हरेक उपत्यका अग्लो बनाइनेछ, हरेक पर्वत र डाँड़ा होच्याइनेछ। बाङ्गोटेढ़ो
जग्गा सीधा बनाइनेछ, र खाल्टाखुल्टी समतल बनाइनेछ। ५ अनि परमप्रभुको
महिमा प्रकट गरिनेछ, र सारा मानव-जातिले त्यो एकैसाथ देख्नेछन्, किनकि
परमप्रभुको मुखले नै भनेको छ।" ६ एउटा आवाजले भन्छ, "करा।" अनि
मैले भने, "म के भनेर कराऊँ?" "सबै प्राणी घाँसजस्तै हुन्, र तिनका सबै गौरव
घाँसको फूलजस्ता। ७ घाँस ओइलाउँछ, फूल झरिहाल्छ, किनभने परमप्रभुको
सास तीमाथि फुकिन्छ। निश्चय नै मानिसहरू घाँस नै हुन्। ८ घाँस
ओइलाउँछ, फूलहरू झरिहाल्छ, तर हाम्रा परमेश्वरको वचन सधैंभरि अटल
रहनेछ।" ९ सियोनलाई शुभ समाचार सुनाउने हो, तिमी अग्लो पर्वतमा
जाऊ। यरूशलेमलाई शुभ समाचार सुनाउने हो, जोरसँग तिम्रो सोर उचाल, सोर
उचाल, नडराऊ। यहूदाका नगरहरूलाई भन, "हेर, तिमीहरूका परमेश्वर यहीं
हुनुहुन्छ!" १० हेर, परमप्रभु परमेश्वर पराक्रमसाथ आउँदैहुनुहुन्छ, र उहाँको
हातले शासन गर्नुहुन्छ। हेर, उहाँको इनाम उहाँसितै छ, र उहाँको प्रतिफल
उहाँकै साथमा छ। ११ उहाँले आफ्नो बगाललाई गोठालाले झैं चराउनुहुन्छ।
उहाँले थुमाहरूलाई आफ्नै अँगालोमा लिनुहुन्छ, र तिनीहरूलाई आफ्नै हृदयको
नजिक बोक्नुहुन्छ। उहाँले स-साना बच्चा भएकालाई चाहिं बिस्तार-बिस्तार

डोऱ्याउनुहुन्छ।" (यशैया ४०:१,९-११)" -एलेन जी ह्वाइट, द डिजाएयर अफ एजेज्, पृ. ८२६,८२७बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. यो दुर्भाग्यपूर्ण हो कि कतिपय समयमा अरूको गल्ती, दोष वा कमजोरीहरू औंल्याएर आफू संतुष्ट हुन खोजिन्छ। त्यो दुर्भाग्य हाम्रो नहोस् भन्नका लागि हामी कसरी चनाखो हुने?

आ. एउटा दृष्टान्तको बारेमा सोच्नुहोस्: कुनै मान्छे भर्खरै मलामी गएर फर्कन्छ र यस्तो विचार व्यक्त गर्दछ "मेरी काकी स्वर्ग जानुभयो र अहिले मलाई हेरिरहनुभएको छ यसमा मलाई खुशी लागेको छ। यसले मलाई सान्त्वना दिएको छ।" यस अध्यायमा हामीले छलफल गरे अनुसार उसको भावनालाई तपाईं कसरी जवाफ दिनुहुन्छ? अर्थात हाम्रो विश्वास अनुसार मानिस मरेपछि के हुन्छ भन्ने शिक्षा जतिसुकै महत्त्वपूर्ण भएतापनि उक्त परिस्थितिमा त्यस बिषयमा बाइबल अध्ययन दिन किन उपयुक्त हुँदैन?

इ. अरूलाई गवाही दिने काममा वा सुसमाचार सुनाउने काममा देहायका भनाइलाई सोच्नुहोस्: " कसैकसैमा यदि अरूको खराबीलाई हेर्ने बानी छ भने उक्त बानीले ती मानिसहरूमा खराबीकै बिकास हुने गर्दछ। अरूको खराबी वा कमजोरी हेर्ने बानीले गर्दा हामी पनि उसको खराबी वा दोषकै स्वरुपमा परिवर्तन हुन्छौं। तर जब हामी येशूलाई हेर्ने बानी बसाल्दछौं, उहाँको प्रेम र सिद्ध अर्थात् परिपक्व चरित्रको बारेमा चर्चा गर्छौं तब हामी पनि उहाँकै स्वरुपमा परिवर्तन हुन्छौं। जब हामी उहाँले राख्नुभएको उच्च आदर्शलाई ध्यान दिने वा सोच्ने गर्छौं तब त्यसले हामीलाई शुद्ध र पवित्र वातावरणतर्फ डोर्याउँदछ। त्यतिमात्रै होइन उक्त बानीले हामीलाई परमेश्वरकै समिपमा ल्याउँदछ। जब हामी त्यस्तो पुनित वातावरणमा रहने मनस्थिति वा आदत बसाल्छौं तब जतिपनि मानिस हाम्रो सम्पर्कमा आउँछन् वा हाम्रो सम्बन्धमा रहन्छन् तब तिनमा हामीबाट परमेश्वरको ज्योति वा चमक फैलिएको हुन्छ।"-एलेन जी ह्वाइट, गस्पल वर्कर्स, पृ. ४७९बाट रूपान्तरित।

## कथा ९

## फिनल्याण्डमा वोलिएको साहसपूर्ण बोली

**- आन्ड्र्यु मेकचेस्नी**



युरोपको स्वीडेनमा रहेका हाम्रा सेभेन्थ-डे एडभेन्टिस्ट काका र काकीलाई भेटेपछि उन्नाइस वर्षीय सिमो भेकाभुओरीले आफ्नो जीवनको बारेमा सोच्न थाल्यो। फिनल्याण्डको त्यो युवकले तीन वर्ष अघि समर क्याम्पमा परमेश्वरसँग आफूले गरेको प्रतिज्ञा सम्झियो। आफू प्रतिज्ञा अनुसार नचलेको हुनाले परमेश्वर मसँग खुशी हुनु भएको छैन होला भन्ने उसले सोचेको थियो। साथै *मैले परमेश्वरको अनुग्रहलाई पनि गुमाएँ* भनी उसले सोचेको थियो।

एक रात सिमो आफ्नो घर पछाडिको बगैंचामा गयो र उसले बगैंचाको बीचमा घुँडा टेकेर रुँदै प्रार्थना गऱ्यो, "यदि तपाईंले मलाई ग्रहण गर्नुभयो भने आजकै रात म तपाईंलाई मेरो हृदय दिनेछु। तपाईंले मलाई क्षमा दिनुभएको छ र तपाईंको अनुग्रह ममा अझै कायम छ भन्ने मलाई देखाउनुहोस्। आकाशबाट तारा खसाएर भएपनि मलाई तपाईंको अनुग्रह देखाउनुहोस्।"

प्रार्थना गरेपछि जब सिमो उभियो तब एउटा ठूलो तारा आकाशबाट खसेको उसले देख्यो।

एकदिन सिमो आफ्नो देश फिनल्याण्ड फर्कियो। उसको परिवार तथा छिमेकीहरू दूधको डेरीमा काम गर्थे।सिमोले परमेश्वरलाई पछ्याउने निर्णय गरेको कुरा त्यहाँ सबैले थाहा पाए। त्यस कुरालाई कसै कसैले ठट्टाको रूपमा पनि लिए। आफ्नो विश्वासलाई सधै कायम राख्नेछु भनेर पनि सिमोले सोच्यो। एक दिन साँझपख सिमोसँग गाई दुहिरहेको वेलामा दूध चेक गर्ने सरकारी जाँचकीको भेट भयो। सिमोले येशूलाई विश्वास गर्न थालेको कुरा उनले सुनेकी थिइन्। अनि उसलाई व्यङ्ग्य गर्दै उनले भनिन् "सानो चराले तिम्रो बारेमा के के कुराहरू फैलाइरहेको छ नि। तिमी स्वीडेनमा बस्दा कतै इसाई त भएनौं नि ! अरू साथीहरूसँग नाचगान तथा सिनेमा हेर्दै रमाइलो गर्न

तिमीलाई मन लाग्दैन र? संसारमा पाइने मोजमज्जा र खुशियालीबाट किन टाढा भएर बाँच्ने?"

ती महिलालाई हेरेर सिमोले भन्यो, "प्रिय साथी, आज म तपाईंलाई यो भन्न चाहन्छु कि मैले स्वीडेनमा येशूलाई मेरो व्यक्तिगत मुक्तिदाताको रुपमा पाए। उहाँले मलाई जहाँ जहाँ लानुहुन्छ म त्यहीं त्यहीं जानेछु।" उसले यो कुरा भनि नसक्दै खेतबारीको घर अर्थात् गाई गोठबाट आएको ठूलो बिस्फोटनको आवाजले त्यो घरलाई नै हल्लाइ दियो। सिमोले दुहिरहेको गाई पनि अचानक भुईंमा पछारिएर मर्यो। अरू गाईहरू पनि बग्रेल्ती भए। एक छिन त त्यो घरमा सन्नाटा छायो अर्थात् सुनसान भयो। गाईहरू बाँ बाँ गरेर कराउन थाले।

त्यसैवेला सानो गल्फ बल जत्रै चटयाङ्ग सिमो र गाईको बीचैमा खसेको थियो। सिमोले रबरको जुत्ता अर्थात् बुट लगाएको थियो त्यसैले त्यो बिजुलीको झट्काबाट ऊ बाँच्यो। जाँचकी महिला भने भुईंमा ढलिन्। उनको अनुहार नै पहेंलो भएको थियो। उनको जाँच्ने यन्त्र उनको हातबाट खसेर गोबरको खाल्डोमा पुगेको थियो। आखिरमा उनले सुस्तरी बोलिन्।

"सिमो, मैले जे बोलें त्यसको निम्ति मलाई माफ गर है" उनीबाट सिमोप्रति दुर्व्यवहार भएको थियो। "जब प्रकृतिले आफ्नो शक्तिलाई प्रदर्शन गर्दछ तब हामी धुलो जतिकै हुन्छौं। तिमी तिमीले रोजेको बाटोमै लागि बस।" एक छिन रोकिएर उनले सोधिन् "तिमीले रोजेको बाटोमा म पनि कसरी हिड्न सक्छु?"

त्यहिँ बेलादेखि सिमोले आफ्नो आस्थाप्रति कहिल्यै पनि शर्माउदिन भनेर प्रण गरेको थियो। त्यस रात उसले आफ्नो कोठामा यसरी प्रार्थना गर्‍यो, "मेरो सम्पूर्ण हृदय र जीवन तपाईं नै लिनुहोस्। तपाईं जहाँ जहाँ लानुहुन्छ म त्यहीं त्यहीं जान सकुँ।"

---

*८४ वर्षीय सिमो भेहकाभुओरीले अहिले अवकाश भएका छन्। उनले फिनल्याण्डमा धेरै वर्षसम्म पास्टर तथा चर्चको अगुवा भएर सेवा गरेका थिए।*